भजनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भजनी, कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल

मिति:२०७७/०५/२१

प.सं.:- योजना २०७७/०७८

च.नं.:-

बिषय : घर नक्सा पास तथा अभिलेखीकरण सम्बन्धि अत्यन्त जरुरी सुचना !

यस भजनी नगरपालिकाका बिभिन्न वडामा बसोबास गर्ने महानुभावहरुलाई घर निर्माण सम्बन्धि विभिन्न जानकारीहरु वडा नागरिक मंच, सामाजिक परिचालक, राजनीतिक दल र न.पा. कर्मचारीहरु मार्फत यस अघि नै पटक पटक गराई सकेको छ। तापनि न.पा. को स्वीकृति बिना ड्रइन्ङ डिजाइन गरि आफ्नो अनुकुल ढंगले घरहरु निर्माण गर्ने त्यस पछी आवश्यक पर्दा मात्र नगरपालिकामा सम्पर्क राख्ने गरेको पाइएकोले यो सूचना प्रसारण गरिएको छ। यस नगरपालिकाले स्थापना काल देखि नै नक्शा पास लागु गरेको समेत पुन सूचित गरिन्छ। २०७२ बैशाख १२ गते गएको भूकम्प पश्चात शहरी बिकाश मन्त्रालयको प्राबिधिक सहयोग तथा स्थानीय विकास मन्त्रालयको सहजिकरणमा निर्माण गरिएको **"बस्ति विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मार्गदर्शन २०७२ "** अनुसार आ.व. २०७२/०७३ देखि न.पा. को स्वीकृति नलिई बनेका कुनै पनि घरहरुको कुनै पनि बहानाका आधारमा पछि नक्सा पास हुन नसक्ने र नगरपालिकाले घर निर्माण रोक्न आदेश दिईएकोमा अटेर गरेका घर धनीहरुलाई न.पा. बाट प्राप्त हुने सबै सेवा सुविधाबाट बन्चित गरिने व्यहोरा समेत अनुरोध छ। साथै नक्सा पास लागु हुनु पुर्व निर्माण भएका भवनहरुको अभिलेखीकरण गर्नुपर्ने भएकोले तपसिल बमोजिमका आधारमा अभिलेखीकरण गर्नका लागि जग्गाको लालपुर्जा नापी नक्सा, नागरिकताको फोटोकपी, हाल सम्मको कर तिरेको रसिद , चार किल्ला प्रमाणित पत्र र ड्रइन्ङ डिजाइन सहितको भवनको अधिकार क्षेत्र खुल्ने सम्पूर्ण कागजात सहित मिति २०७८ असार मसान्त सम्म नगरपालिकामा पेश गर्न हुन सूचित गरिन्छ।

तपसिल:

१ भजनी नगरपालिका वडा न. १ देखि ९ सम्म नै जरिवाना नलिई पुर्व निर्मित भवनहरु अभिलेखिकरण गर्न सकिने छ।

अत: आफुले निर्माण गर्न चाहेको घर / भवनको नक्सा , लालपुर्जा एबं नागरिकता सहित न. पा. मा सम्पर्क गरि बैधानिक तवरले मात्र घर/ भवन निर्माण कार्य गर्न गराउन हुन पुन: सूचित गरिन्छ।

हरि राम चौधरी
नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत